**अवधारणा** AWADHARANA
[ A Peer-Reviewed, Open Access Journal ]
ISSN : 2505-080x (Print)
Volume 8, September 2024
Published by Creative Democrat Academy

# व्यास-वाटिका कविता सङ्ग्रहको कथ्य विश्लेषण

**यमनाथ तिमिल्सिना, विद्यावारिधि**
**सहप्राध्यापक, नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा**

*Article History : Submitted 19 April 2024; Reviewed 3 June 2024; Accepted 11 July 2024*
*Author : Yemnath Timilsina Email : Yemnathtimilsina@gmail.com*

## लेखसार

'व्यास-वाटिका' कविता सङ्ग्रहको कथ्य शीर्षकको प्रस्तुत आलेख कविताको सैद्धान्तिक अवधारणा र ऐतिहासिक पृष्ठभूमिमा व्यास-वाटिकाको कथ्य (सारतत्त्व) विश्लेषण गर्ने उद्देश्यले अगाडि बढाइएको हो । नारायणी अधिकारीले जीवन जगत्बाट प्राप्त अनुभव र अनुभूतिलाई घोलेर मनले ठानेको सत्यलाई कवितामा व्यक्त गरेकी छन् । प्रकृतिको सजीव चित्रण अनि सिर्जनाकला ब्युझिएर प्राप्त भएको आत्मबोधले कविता कृतिलाई सुदृढ बनाएको पाइन्छ । कथ्य र शैली दुबै पक्षबाट व्यास-वाटिका सफल र प्रभावकारी बनेको छ । आलेख तयार गर्ने सन्दर्भमा मुख्यतः पुस्तकालयीय कार्यको प्रयोग गरी प्राथमिक तथा द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको हो । उक्त सामग्रीहरूको अध्ययनबाट प्राप्त भएका वस्तुतथ्यलाई तर्क, प्रमाण र दृष्टान्तका सहायताले पुष्टि गरिएको छ । आवश्यक ठाउँमा पूर्वअध्येताहरूसँग संवाद तथा विमर्श गर्दै आलेखलाई पूर्ण बनाइएको हो । व्यास-वाटिकाका कविताहरूलाई राष्ट्रप्रेम, अग्रजप्रति सम्मान, नारीचेतना र विद्रोह, अनुजप्रति उत्प्रेरणा, वर्तमान नेतृत्वप्रति आक्रोश, माया र बन्धन, भविष्यप्रति विश्वास, आत्मबोध, गुरुभक्ति, प्रकृतिप्रतिको मोह, कोरोना कहरको सम्झना, संस्थाप्रति जिम्मेवारीबोध जस्ता चलहरूका आधार मा विश्लेषण गर्दा अधिकारीको कृति समसामयिक देखिएको छ । यहाँ व्यक्त सारतत्त्व वा कथ्य प्रभावकारी देखिन्छ । यस्तो महत्त्वपूर्ण कविता कृतिको विभिन्न चलहरूका आधारमा विश्लेषण भएको पाइँदैन । यस आलेखमा यही रिक्ततालाई पूर्णता दिने काम गरिएको छ । व्यास-वाटिकाका कवितालाई समेट्ने गरी विभिन्न चलहरूको छनोट गरेर कृतिको कथ्य विश्लेषण गरिएको छ । यस्तो कार्य नवीन भएकाले यस आलेखको औचित्य प्रमाणित हुन्छ । व्यास-वाटिकाको शिल्प पक्षको कोणबाट पनि अध्ययन गर्न मिल्ने देखिन्छ तर यहाँ त्यसको अध्ययन गरिएको छैन । सैद्धान्तिक अवधारणाका आधारमा चलहरू छनोट गरी तिनै चलको आधार मा कथ्य विश्लेषण गरिएको यस आलेखमा व्यास-वाटिकालाई समयसापेक्षित प्रभावशाली काव्यकृति रहेको निष्कर्ष दिइएको छ ।

***विशेष शब्दहरू :*** आस्था, काव्यधारा, पाताल गङ्गा, राष्ट्रप्रेम, व्यास ।

**विषय परिचय**

कविहृदयकी धनी व्यासभूमि (तनहुँ) की उदीयमान प्रतिभा नारायणी अधिकारीको पहिलो साहित्यिक कृति 'व्यास-वाटिका' कथ्य र शिल्प दुवै पक्षबाट सन्तुलित बन्न पुगेको छ । यस कविता सङ्ग्रहभित्र एकाउन्न ओटा कविता रहेका छन् । महाप्रसाद हड्खले र नाराणप्रसाद पोखरेलका शुभेच्छा तथा भूमिका लेखनले कृतिको पहिलो परिचय प्रस्तुत गरेको पाइन्छ । त्यसैगरी गण्डकी वाङ्मय प्रतिष्ठान, तनहुँले कविको व्यक्तित्व र संलग्नतालाई देखाएको छ । उमेर र अनुभवले खारिएको मन, नेपाली समाजको यथार्थबोध गर्न सफल मस्तिष्क तथा स्रष्टाशक्ति जागृत भएको कविहृदयबाट प्रस्फुटन भएका कवितापुष्प साहित्यिक आस्वादनका दृष्टिले उत्कृष्ट र सफल रहेका छन् । देवकोटाको 'मुनामदन' ले पाठकको मन जसरी जितेको छ त्यसरी नै अधिकारीको पहिलो कृति 'व्यास-वाटिका' ले नेपाली साहित्यानुरागीहरूको मन खिचेको छ । यस कृतिमा सङ्कलित कविताहरूले नारायणी अधिकारीको कवित्वशक्ति व्युँझेको र उत्कृष्ट रचना सिर्जना गर्न सक्ने सबल व्यक्तित्वको परिचय दिइरहेका छन् । महर्षि वेदव्यास, भानुभक्त आचार्य, यदुनाथ खनाल, क्षेत्रप्रताप अधिकारीजस्ता सफल सर्जकले जसरी व्यासभूमि (तनहुँ, नेपाल) लाई चिनाए त्यसरी नै नारायणी अधिकारीको कविता सिर्जनाले व्यासभूमिलाई माथि उठाउने प्रयत्न गरेको छ । यस आलेखमा शोध शीर्षक सम्बद्ध निम्न पक्षलाई प्रश्नगत रूपमा यस प्रकार प्रस्तुत गरिएको छ :

(क) 'व्यास-वाटिका' मा उठाइएका कथ्यवस्तु के कस्ता रहेका छन् ?

उक्त समस्यालाई निराकरण गर्न निम्न उद्देश्य राखिएको छ :

(क) 'व्यास-वाटिका' मा उठाइएका कथ्यको विश्लेषण गर्नु ।

**सैद्धान्तिक आधार**

संस्कृत भाषाको 'कवृ' धातु परिवर्तन भएर 'कव' बनेपछि त्यसैमा 'इ' प्रत्यय थपेर 'कवि' शब्दको व्युत्पादन भएको हो । 'कवि' शब्दमा 'ता' प्रत्यय जोडिएर 'कविता' शब्दको निर्माण भएको देखिन्छ । यसप्रकार को व्युत्पत्तिबाट कवितालाई कविको कर्म मान्न सकिन्छ । काव्यका सम्बन्धमा पूर्वमा 'अग्निपुराण' र पश्चिममा एरिस्टोटलको 'काव्यशास्त्र' बाट सैद्धान्तिक परम्पराको थालनी भएको पाइन्छ । अग्निपुराणका अनुसार "सङ्क्षेपमा भावाभिव्यक्त गरिने अलङ्कार र गुणले युक्त एवम् दोषमुक्त पदावली नै काव्य हो" (भण्डारी, २०६५, पृ. ४) । एरिस्टोटल कविताका बारेमा यसो भन्छन्- "भाषाका माध्यमले अनुकरण गरिने कलाको आदर्श रूप नै कविता हो" (पृ. ५) । साहित्यको श्रव्य वर्गअन्तर्गतको पद्य विधालाई कविता भनिन्छ । "वैदिक संस्कृत कविताका न्यूनतम ढाँचा द्विपदी, त्रिपदी वा चतुष्पदी देखिए पनि उत्तरवर्ती लौकिक संस्कृत परम्परामा भने चतुष्पदी श्लोकलाई कविताको न्यूनतम ढाँचा भनिएको पाइन्छ ।" (त्रिपाठी, न्यौपाने र सुवेदी, २०४६, पृ. ८) । यस मान्यताबाट अघि बढेको कविता विधा महाकाव्यसम्म विकसित भएको छ । आकारप्रकार वा संरचनाका आधारमा कवितालाई पाँच श्रेणीमा विभाजन गर्न सकिन्छ : लघुतम (मुक्तक), लघु (फुटकर कविता), मध्यम (खण्डकाव्य र लामो कविता), बृहत् (कलात्मक महाकाव्य) र बृहत्तम (विकासशील महाकाव्य) । संस्कृतमा कवि कर्मलाई कविता भनिए जस्तै अङ्ग्रेजीमा कवितालाई 'पोइट्री'/'पोइम' भनिएको

पाइन्छ । शब्दान्तरमा जे भनिए पनि संस्कृत (पूर्वीय) र अङ्ग्रेजी (पाश्चात्य) दुवैले कवितालाई एउटै अर्थमा प्रस्ट्याएका छन् । यही सैद्धान्तिक पृष्ठभूमिमा नेपाली कवितालाई हेरिएको पाइन्छ ।

नेपाली समाजमा कविताको विकास हुनुपूर्व विभिन्न नाममा लोककविता प्रचलनमा रहेका थिए । "लोककवितालाई खाँडो, बिहेप्रश्नोत्तरी, जुवारी, कवित्, सिलोक, कूटपद्य, दोहा, सवाई र बालकविता नाम दिइएको पाइन्छ" (भट्टराई, २०७६, पृ. २३) । लोककवितालाई चिनाउने विभिन्न आधारहरू छन् । "स्थायी र अन्तराको प्रयोग नहुने, लयलाई भन्दा छन्दलाई प्राथमिकता दिने, गीतको तुलनामा बढी पाठ्य हुने र वाद्यवादन विना नै प्रस्तुत गरिने लघु आकारका छन्दमुक्त र छन्दयुक्त लयात्मक अभिव्यक्तिलाई लोककविता भनिन्छ" (बन्धु, २०६०, पृ. १८२-१८४) । नेपाली समाजमा यस्ता लोककविताहरू अपरिष्कृत रूपमा भनिँदै र सुनिँदै आएको पाइन्छ । साहित्यका विधामध्ये कविता सबैभन्दा पुरानो र वर्तमानमा पनि प्रभावशाली विधा मानिन्छ । कविता हुनका लागि केही तत्त्व/घटक आवश्यक हुन्छन् । कविताका तत्त्व यसप्रकार रहेका छन् : "अन्तर्वस्तु वा विषयवस्तु, पात्र वा सहभागी, परिवेश, उद्देश्य, दृष्टिबिन्दु र भाषाशैली" (गौतम, २०८०, पृ. १७७) । उक्त घटकहरूको मिलनबाट कविता विधा अगाडि बढेको पाइन्छ । कवितालाई लयात्मक भाषिक कलाका रूपमा चिन्न सकिन्छ । कवितालाई सौन्दर्यपरक लयात्मक भाषिक अभिव्यक्तिका रूपमा हेर्ने गरेको पाइन्छ । कवितालाई मुख्य गरी तीन कोणबाट हेरिन्छ– "जीवन जगत्का आन्तरिक र बाह्य अनुभवस्वरूप विभिन्न सामग्री वा उपादान र त्यसको भावनात्मक र रागात्मक परिणति (रस), भाषिक संरचनाको पथ वा पद्धति (रीति/शैली) र विधागत रूपसंरचनाका केन्द्रीयतामा लय र बिम्ब-प्रतीक एवम् अन्य कलात्मक प्रविधि" (त्रिपाठी, न्यौपाने र सुवेदी, २०४६, पृ. १६) । यही पृष्ठभूमिमा सुवानन्द दासको 'पृथ्वीनारायण' (१८२६) पहिलो लिखित नेपाली कविताका रूपमा आएको छ । यसपछि विभिन्न कविहृदयले नेपाली भाषामा कविता सिर्जना गरे । त्यही परम्परामा मोतीराम भट्ट, भानुभक्त आचार्य, लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, माधवप्रसाद घिमिरे, मोहन कोइराला, भूपी शेरचन, सरूभक्त जस्ता सुनामधन्य कविहरूका सिर्जनाले नेपाली कविताको क्षेत्र फराकिलो बनाएको छ । त्यसैगरी गोपालप्रसाद रिमालले गद्य कविता (आमाको सपना) लेखी कविताको शिल्प पक्षमा नयाँ मान्यता भित्र्याए । आजकल पद्य कविताभन्दा गद्य कविता बढी लेखिएको पाइन्छ ।

वीरधाराबाट सुरू भएको नेपाली कवितामा भक्तिधारा (सुवानन्द दास, भानुभक्त आचार्य), शृङ्गारिक धारा (मोतिराम भट्ट), परिष्कारवादी धारा (लेखनाथ पौडेल, सोमनाथ सिग्देल), स्वच्छन्दतावादी धारा (लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ), प्रगतिवादी धारा (गोपालप्रसाद रिमाल, युद्धप्रसाद मिश्र), प्रयोगवादी धारा (मोहन कोइराला, द्वारिका श्रेष्ठ), समसामयिक धारा (तीर्थ श्रेष्ठ, हरिभक्त कटुवाल), उत्तरआधुनिकता (होमनाथ सुवेदी, कुसुम ज्ञवाली) ले स्थान पाएको देखिन्छ । "उत्तरआधुनिकतामा पर्यावरणीय समालोचना, डायस्पोरिक समालोचना, लैङ्गिक समालोचना, नारीवादी समालोचना, जनजातीय समालोचना, आदि २१ औं शताब्दीका नयाँ समालोचना सिद्धान्त हुन्" (भट्टराई, २०६९, पृ. VIII) । यिनै सिद्धान्तका आधारमा देशविदेशमा बस्ने कविमनहरूले कविता लेखेका छन् । त्यस्तै साहित्य सतही हुन नहुने भनी तेस्रो आयामका आधारमा सम्पूर्णताको खोजी पनि गरिएको पाइन्छ – "तृतीय आयाम (घनत्व) को बोधसित

जोडिएको छ सम्पूर्णताको धारणा । त्रैआयामिकतासहितको वस्तु (व्यक्ति, समाज र साहित्य) सम्पूर्णताको हुन सक्छ" (राई, २०७६, पृ. १०) । त्यसैगरी वर्तमान परिस्थितिको सही मूल्याङ्कन गरी वर्तमानका कविहरूले कवितामा यस्तो भाव व्यक्त गरेका छन् : "नालायकका हातमा शासनसत्ता पर्नु, देश लुटिनु, जनता लुटिनु, घोर अन्धकारको सामान्य निराशाले निलिएका जनता कतै भड्केर भौंतारिँदा दुःखको खाडलमा पर्नु एकपछि अर्को यही हो समकालीन भोगाइको सत्य यो देशको" (भट्टराई, २०७८, पृ. ४) । नेपालमा "वीरवीरङ्गनाहरूको बलिदानबाट प्राप्त गणतन्त्रले नयाँ नेपाल निर्माण गर्ने भनिए पनि आखिर झन् दण्डहीनता फैलायो" (कोइराला, २०७४, पृ. ण) । त्यस्तै नारीहृदयका कवितामा प्रस्तुत कथ्य यस्तो देखिन्छ : मानवीय प्रेम र वात्सल्य, जीवनका तिक्तता र निराशा तथा विसङ्गतिको बोध र अस्तित्वको आभासलाई पनि नेपाली नारी कविताले उद्घाटन गरेका छन् । असङ्गतिको आलोचना र त्यस्ता कुरूप सोचप्रति व्यङ्ग्य गरेर अन्ततः मानवीय उदात्तता र सद्भावको सुन्दर जीवनतिर उन्मुख हुने प्रवृत्तिलाई तिनले दृष्टि दिएका छन् । अचेतनका अतृप्त भावका प्रबल आवेगहरूलाई पनि कलात्मकताका साथ उत्सर्जन गर्ने क्षमता नारी कवितामा पाइन्छ (एटम, २०७४, पृ. ११) । यही पृष्ठभूमिमा नारायणी अधिकारीको मूल कथ्य विकसित भएर आएको छ ।

अग्रज कविव्यक्तित्वलाई पछ्याउँदै व्यास नगरपालिका -४, तनहुँकी नारायणी अधिकारी 'व्यास-वाटिका' लिएर उपस्थित भएकी छन् । छन्दयुक्त कविता लेखी कवि अधिकारीले कविताको शिल्पपक्षमा निक्खार ल्याएकी छन् । कोमल तथा लालित्ययुक्त शब्दको चयनले अधिकारीका कविता पठनयोग्य बनेका छन् । त्यसरी नै कवितामा उठाएका कथ्यवस्तुले समाजमा रहेका विकृति विसङ्गतिलाई निशाना बनाएका छन् । यो आलेख कथ्य विश्लेषणमा मात्र सीमित गरिएको छ । जीवन-जगत्को सेरोफेरो, मानवचेतना, मानवमन र मानवजगत्का सारा अनुभव एवम् कार्यकलापको कथन कवितामा हुन सक्दछ र कवितामा कथन गरिएको विषयवस्तुको सारतत्व नै कविताको केन्द्रीय कथ्य हो । कविताको त्यो केन्द्रीय कथ्य कविताको मूल विषय वा सन्देश वा भाव-विचार पनि हुन सक्दछ । कवितामा प्रयोग गरेका विषयवस्तु कविमन वा मानवमनका भावना वा विचारबाट आप्लावित हुन्छन् र कवितामा मानवमनका भावना वा वैचारिक दृष्टिकोणको जे जस्तो अभिव्यक्ति भएको हुन्छ त्यही नै कविताको भाव-विचार हो (भण्डारी, २०६५, पृ. ८) । त्यसैगरी कविताको मूल कथ्यलाई यसरी पनि चिनाउन सकिन्छः "कृतिमा बाह्य प्रकाशनको सारभूत अंश वा सारतत्त्व तथा आन्तरिक सत्य वा गुदीलाई वस्तु भनिन्छ । यो जुनसुकै कृतिलाई अस्तित्व प्रदान गर्ने सर्वप्रमुख तत्त्व हो । कविताको पहिलो आधारभूत संरचक घटक भनिने भाव वा विचार कविताको मूल वस्तु वा मूल कथ्य हो" (लुइटेल, २०६२, पृ. २१९) । तसर्थ कवितालाई रागात्मक, सौन्दर्यपरक, संवेदनायुक्त र रमणीय तुल्याउन सुन्दर भाव वा विचारको विन्यासमा विशेष ध्यान दिनुपर्दछ ।

'व्यास-वाटिका' मा कवि अधिकारीद्वारा उठाइएका कथ्यहरूको स्रोत पूर्णप्रकृति (जीव-जगत्), मानवीय समाज र संस्कृति, इतिहास दर्शन, ज्ञान-विज्ञान, पर्यावरण, मानवमनका संवेग आदि हुन् । कवितामा मानवमनका पवित्र भावनालाई प्रस्तुत गर्दा कथ्यवस्तु (कविताको अन्तर्वस्तु) लाई शिल्पपक्षले ढाकेको हुनुपर्दछ तर अँठ्याएर दबाएको हुनु हुँदैन । योग्य पाठकले शिल्पको घुम्टो उघारेर कथ्यवस्तु पहिचान गर्दछ र कविताको रसास्वादन गर्दछ । सामान्य पाठक घुम्टोले ढाकेको कथ्य पहिल्याउन सक्दैन र कविताको

रसास्वादन गर्न असमर्थ हुन्छ । कविले कविता रचना गर्दा योग्य पाठकलाई ध्यान दिनुपर्दछ । कविले कवितामा कथ्यवस्तु प्रस्तुत गर्दा ताली, गाली र नारा रोज्नु हुँदैन । कविता भावले भरिएको, शिल्पले ढाकिएको जति पढ्दै गयो उति नयाँ कुरा थाहा पाइने, पढौं पढौं लाग्ने हुनुपर्दछ । यस कविता सङ्ग्रहमा कविहृदयले व्यक्त गरेका कथ्यवस्तुलाई पहिचान गरी विश्लेषण गर्न राष्ट्रप्रेम, अग्रजप्रति सम्मान, नारीचेतना र विद्रोह, अनुजप्रति उत्प्रेरणा, वर्तमान नेतृत्वप्रति आक्रोश, माया र बन्धन, भविष्यप्रति विश्वास, आत्मबोध, गुरुभक्ति, प्रकृतिप्रतिको मोह, कोरोना कहरको सम्झना, संस्थाप्रति जिम्मेवारी बोधजस्ता पक्षहरूलाई आधार ग्रहण गरिएको छ ।

**अध्ययन विधि**

यस आलेखका लागि आवश्यक सामग्री पुस्तकालयीय कार्यबाट जुटाइएको हो । नारायणी अधिकारीको कविताकृति 'व्यास-वाटिका' लाई प्राथमिक स्रोतका रूपमा प्रयोग गरिएको छ भने कवितासम्बन्धी सैद्धान्तिक तथा ऐतिहासिक ज्ञानका लागि द्वितीयक सामग्रीको उपयोग गरिएको छ । अध्ययनलाई व्यवस्थित तथा अनुसन्धेय बनाउन गुणात्मक ढाँचालाई छनोट गरेर निगमनात्मक विधिका आधारमा कवितालाई चिनाउँदै कविताको कथ्य विश्लेषण गर्दा विभिन्न चलहरूको चयन गरी वर्णनात्मक विधिका आधारमा विश्लेषण गरिएको छ । यस आलेखमा सबै कविताको विश्लेषण गरिएको छैन । विभिन्न चलहरूको आधारमा प्रतिनिधिमूलक कविता छनोट गरी अध्ययनलाई सीमित तथा विशिष्ट बनाइएको छ । यो आलेख कविताको कथ्यको विश्लेषणमा केन्द्रित गरिएको छ । कवितामा प्रयोग गरिएको शिल्पपक्षलाई यहाँ कस्तो छ भनी अध्ययन गरिएको छैन । यो यस अध्ययनको सीमा हो । एपिए पद्धतिको सातौँ संस्करणलाई आधार मानी अध्ययनलाई अनुसन्धानको ढाँचामा प्रस्तुत गरिएको छ ।

२०८० सालमा प्रकाशित 'व्यास-वाटिका' कविता सङ्ग्रहका बारेमा भूमिका लेखन बाहेक अन्य काम गरिएको पाइएन । 'व्यास-वाटिका' को अध्ययन नभएकाले यही रिक्ततालाई पूर्णता दिने उद्देश्यले यो आलेख तयार गरिएको हो । उक्त कविता सङ्ग्रहमा उठाइएका कथ्यवस्तु (कविले भनेको सारतत्त्व) को पहिचान गरी विभिन्न चलहरूका आधारमा विश्लेषण गरिएकाले यो कार्य नवीन तथा औचित्यपूर्ण छ ।

**नतिजा र विश्लेषण**

मायाले बन्धनमा पारे पनि आत्मबोध हुँदै गएको अनि भौतिक वैभवले आकर्षण गर्न नसकेको तथा सरस्वतीको साथ मिलेको आभास भएकाले कविको सिर्जनाशक्ति जागेको मूल भाव (कथ्य) 'व्यास-वाटिका' कविता सङ्ग्रहमा राखिएको छ । यी कविताहरूको कथ्य विश्लेषणका लागि बाह्र ओटा चलहरूको छनोट गरी तिनै चलका आधारमा कविताको प्रतिनिधित्व गराउँदै यस आलेखमा केही दृष्टान्तका साथ कथ्यको विश्लेषण गरिएको छ ।

***राष्ट्रप्रेम***

देश, नागरिक, भाषा, धर्म, संस्कृति, स्वसंस्कार, साहित्य, पहिरन, रीतिरिवाज, स्वदेशीपन आदिप्रति आदरभाव तथा माया रहनुलाई राष्ट्रप्रेम भनिन्छ । 'व्यास-वाटिका' कविता सङ्ग्रहमा राष्ट्रप्रेममा आधारित नौ ओटा कविता रहेका छन् । 'सत्प्रेमले स्वागत' कवितामा व्यासको जन्मभूमि (तनहुँ), माहेन्द्री र शुक्ला

गण्डकीको नाद, पहाडहरूको दृश्य, भानुभक्तको उदय, कृषियोग्य जमिन, जडिबुटीको उपलब्धता, लोकगीत र नृत्यको उर्वरभूमि व्यासमा अभ्यागतलाई प्रेमपूर्वक स्वागत् गरिएको छ । आफ्नो जन्मभूमिप्रतिको मायाले राष्ट्रप्रेमलाई जनाउँछ । 'संस्कार' कवितामा पूर्वीय संस्कारको उर्वरभूमि नेपालमा दीप निभाउने अशुभ संस्कार भित्रिएकामा चिन्ता व्यक्त गर्दै नेपाली नागरिकमा भेदभाव नगरौं भन्ने भाव व्यक्त गरिएको छ । 'आऊ दशैंमा घर' कवितामा विदेशिएका दाजुभाइलाई बा, आमा र छोराछोरीले सम्झेका छन् फर्केर आऊ यही आफ्नो श्रम र सिप लगाऔं भन्ने भाव प्रकट गरिएको पाइन्छ । 'तिर्नै छ बाँकी ऋण' कवितामा नेपालमा लोकतन्त्रका नाउँमा लुटतन्त्र बढेको भन्दै शासन पद्धति फेरिए पनि व्यवहार उस्तै रहेको आरोप लगाई नेपाली एक भएर मातृऋण तिरौं, नेपाललाई राम्रो बनाऔं भनिएको छ । 'के हुन्छ नेपाल यो ?' कवितामा सङ्घीय नेपालले धेरै शासक बनाएको, नेता सुविधामा रमाएका, जनता करको मारमा परेको यथार्थ प्रस्तुत गर्दै देशमा न्याय गुमेकाले न्याय पाउनुपर्ने चाहना व्यक्त गरिएको छ । 'लेख्दैन कोही किन' कवितामा धर्मसंस्कृति हराउँदै गएको, नेता भ्रष्ट भएका, जनता अन्धा बनेका, नवयुवा विदेशमा पलायन भएका, बलात्कारीको बिगबिगी बढेको, चेलीले न्याय नपाएका, सत्य कुरा कसैले नलेख्ने गरेको यथार्थ कुरा प्रस्तुत गरिएको पाइन्छ । 'बन्धुत्व हाम्रो बढोस्' कवितामा एकता, बन्धुत्व र राष्ट्रिय अखण्डताको महिमा गान गरिएको छ । 'रक्षा मलाई गर' कवितामा नेपाल आमाको रक्षाका लागि हतियार उठाउनु पर्ने भाव व्यक्त गर्दै कायर नहुन आह्वान गरिएको छ । 'आर्तनाद' कवितामा बिनायुद्ध देशको भूभाग गुमेको, नेपालीले मातृभूमिको चीत्कार नसुनेझैं गरेको आरोप लगाउँदै देशको सीमा जोगाउन अनुरोध गरिएको छ । माथिका नौ ओटै कविताको मूल कथ्य राष्ट्रप्रेम नै हो । तनहुँ, नेपाललाई वेदव्यास जन्मिएको उत्तम भूमि हो भन्दै पूर्वीय चिन्तन, दर्शन, संस्कार र संस्कृतिको आदिग्रन्थ 'वेद' व्यासले यही भूमिमा लेखेका हुन् भनिएको छ -

> यो हो उद्‌गम बिन्दु उत्तम धरा जन्मस्थली व्यासको ।
> लेखे वेद यहीँ बसेर मुनिले पूर्वीय संस्कारको ॥ (सत्प्रेमले स्वागत्, पृ. ८)

त्यस्तै व्यासले सिकाएको संस्कारमा सबै नेपाली अघि बढौं भन्दै पूर्वीय संस्कार, सभ्यता र चिन्तनमा कुनै कमी नआओस् भन्ने कामनाका साथ नेपालको गौरव कायम राख्न कविले आह्वान गरेको पाइन्छ–

> नेपाली जन एकता अघि बढोस् सम्पन्न होस् सौरभ ।
> केही क्षीण नहोस् सदा रहिरहोस् नेपालको गौरव ॥ (संस्कार, पृ. १७)

***अग्रजप्रति सम्मान***

अनुजहरूलाई पथ प्रदर्शन गर्ने अघिल्लो पुस्तालाई अग्रज भनिन्छ । राजनीतिक, सामाजिक, धार्मिक, भाषिक, ऐतिहासिक, पुरातात्त्विक, साहित्यिक, सांस्कृतिक आदि क्षेत्रमा सकारात्मक योगदान पु-याउन सफल अग्रजहरूप्रति सम्मानभाव व्यक्त गरिएका छ ओटा कविता यहाँ प्रस्तुत गरिएका छन् । 'व्यास-वाटिका' कवितामा व्यासको जन्म तनहुँमा भएको, तत्त्वदर्शी तथा दूरदर्शी मुनि व्यासले ज्ञान-विज्ञानको भण्डार वेदको रचना गरेको स्मरण गर्दै उनैका सन्तान हामीले स्वत्व गुमाउँदै गएकाले पुनः व्यासको आगमनको कामना गरिएको छ । 'वैभव वाटिका' कवितामा अग्रजको पदचाप पछ्याऔं भन्दै गाई मारी गधा नपोसौं भनिएको छ । मुलुकको अस्तित्व जोगाउन भाषा, संस्कृति र संस्कार नभुलौं, अग्रजले देखाएको बाटो हिँडौं भनिएको

पाइन्छ । 'विपीश्री स्मृति' कवितामा प्रजातान्त्रिक समाजवादका माध्यमबाट राष्ट्रको मुहार फेर्न अनुरोध गर्दै एकातिर सिद्धान्त अर्कातिर व्यवहार गर्ने नेताप्रति व्यङ्ग्य गरिएको छ । विपीले देखाएको राजनीतिक मार्गलाई व्यवहारमा लागू गर्न भनिएको छ । 'शान्ति सुधा' कवितामा हार्ने र जित्ने भ्रमबाट मुक्त भई मानवीय व्यवहार गरौं, बुद्धले सिकाएको शान्तिको मार्ग हिँडौं भनिएको छ । त्यस्तै 'महामानव' कवितामा विपीले साहित्यका माध्यमबाट मार्गनिर्देशन गरेको कुरा पढौं र व्यवहार गरौं भनिएको छ भने 'श्रद्धेय श्रद्धाञ्जली' कवितामा कवि भानुभक्तप्रति श्रद्धा अर्पण गर्दै पूर्वीय चिन्तनमा रमाउन अनुरोध गरिएको छ । अग्रजहरूलाई बिर्सदा देश बिग्रिएको भन्दै सुध्रिन आह्वान गरिएको छ । व्यासकै सासले यहाँ (मातृभूमि) को वायु पवित्र बनेको स्मरण गराउँदै व्यासकै स्पर्शले 'नेपाल' रम्य भएको कुरालाई कविले यसरी प्रस्तुत गरेको पाइन्छ-

व्यासकै श्वासले वायु भो पावन ।
व्यासकै स्पर्शले रम्य भो आँगन ।। (व्यास-वाटिका, पृ. १)

त्यसैगरी चुँदी, तनहुँमा जन्मेर भानुभक्तले रामसीताको आदर्श जीवनगाथालाई नेपाली भाषामा उतारेका भन्दै कवितामा उनको महिमा गान यसरी गरिएको छ-

जन्म्यौ भानु तिमी चुँदी तनहुँमा धर्ती यही पुण्य छ ।
प्यारो काव्यधारा सुशोभित हुने आख्यानको पूर्ण छ ।। (श्रद्धेय श्रद्धाञ्जली, पृ. ५८)

***नारी चेतना र विद्रोह***

प्राणीमा रहने भित्री ज्ञान वा सत् असत् छुट्याउन सक्ने बुद्धि तथा विवेकलाई चेतना भनिन्छ । नारीमा जाग्रत् हुने चेतनालाई नारी चेतना भन्दछन् । पितृसत्ताका आडमा अनपढ महिलालाई हेप्दै आएको पुरूष अहिले पनि हेप्नै खोज्छ । नबुझ्दा नारीले पुरूषको हैकम सहे भने नारीमा चेतना भरिन थालेपछि वा नारीले सत्यबोध गरेपछि नारी हेपिन चाहँदैनन् । हेप्नेका विरूद्ध विद्रोह गर्दछन् । यस्तै भाव वा कथ्यका पाँच ओटा कविता 'व्यास-वाटिका' मा रहेका छन् । 'दुर्गा भवानी उठ' कवितामा देशमा बलात्कार बढेको, नारीले न्याय नपाएको यथार्थको चर्चा गर्दै अन्यायका विरूद्ध नारी चण्डमुण्ड, काली, पार्वती, दुर्गा भएर उठ र विद्रोह गर भनिएको छ । 'हिंसा' कवितामा नेपालमा हिंसामा रमाउनेको सङ्ख्या बढेको चिन्ता व्यक्त गर्दै नारी नजागी समाज नसुध्रिने कथ्य प्रस्तुत गरिएको छ । 'कसरी म बाँचू ?' कवितामा श्रीमान् बितेपछि विधवा श्रीमतीलाई परेको समस्या देखाइएको छ । आगो पिएर विधवा बाँचेको चर्चा गरिएको छ । 'नारी' कवितामा नारीको महिमा गाइएको छ । सबै पुरूषलाई जन्माउने नारी नै हुन् भनिएको छ । तिनै पुरूषले नारीलाई सताएको प्रति व्यङ्ग्य गरिएको छ । 'आमा बिनाको घर' कवितामा आमाको वात्सल्यलाई प्रस्तुत गरिएको छ । नारीलाई मायाका खानी हुन् भन्दै राप र तापमा पनि मलम लगाउने शक्ति आमामा नै हुन्छ भनी चिनाइएको छ । नारी अपमानका विरूद्ध दिदी, बहिनी र छोरीहरू रणचण्डी बनेर तथा दुर्गा भवानी भएर उठ्न आह्वान गरिएको छ :

चण्डीतुल्य बनी दिदी र बहिनी छोरीहरू हो उठ ।
हे कालीकुल पार्वती भगवती दुर्गा भवानी उठ ।। (दुर्गाभवानी उठ, पृ. ४)

***अनुजप्रति उत्प्रेरणा***

असल काम गर्न प्रेरित गर्ने कार्यलाई उत्प्रेरणा भनिन्छ । 'व्यास-वाटिका' मा अनुज पुस्तालाई राम्रो काम गर्न प्रेरित गरिएको छ । 'आशीर्वचन' कवितामा अनुजलाई राम्रो काम गर्न उत्साह भरिएको, नसा नलिन आग्रह गरिएको, झैझगडामा नरमाउनु भनिएको, सात्विक भोजन गर्नु, गुरुमाता र पितालाई मान्नु अनि परोपकारमा लाग्नु भन्ने कथ्य प्रस्तुत गरिएको छ :

लगाऊ गुन मान्छेमा बैगुनी नै भए पनि ।
छहारी दिन्छ चौतारी चोर बस्न गए पनि ॥ (आशीर्वचन, पृ. ५)

***वर्तमान नेतृत्वप्रति आक्रोश***

वर्तमान नेतृत्वमा नैतिक ह्रास भएको छ । हरेक क्षेत्रका नेताहरू एकातिर बोल्छन् अर्कातिर काम गर्छन् । जनताको नाम लिन्छन् तर तिनै जनताको ढाड सेक्छन् । नेताहरूको स्वार्थप्रेरित गलत नेतृत्वप्रति 'व्यास-वाटिका' मा आक्रोश व्यक्त गरिएको पाइन्छ । नेतृत्वप्रति आक्रोश व्यक्त गरिएका पाँच ओटा कविता यहाँ रहेका छन् । 'कस्तो छ भित्री दिल' कवितामा छद्मभेषी नेताको पछि नलाग्न आग्रह गरिएको छ भने 'चल्दैन यो ढङ्गले' कवितामा लोकतन्त्र शासकहरूको पेवा नभएको भन्दै सङ्घीयताका नाममा देशलाई मेवा चिरेझैं चिरेको आरोप लगाइएको छ । प्रजातन्त्रवादी बनेर देश जोगाउन युवापुस्तालाई अनुरोध पनि गरिएको छ । 'आस्था हराएपछि' कवितामा शासक धेरै भएका, सिद्धान्त भुलेर मिलेर खाने गरेकाले नेतृत्वप्रति विरोधभाव व्यक्त गरिएको पाइन्छ । 'खडेरी' कवितामा वर्तमान नेपालका हरेक क्षेत्रमा नैतिक खडेरी परेको कथ्य अघि सारिएको छ । 'किर्ना जुका हो उठ' कवितामा फोहोर राजनीति गरी नेताहरूले देश बिगारेको आरोप लगाइएको छ । नेपालमा हिंसा परम्परा बन्दै आएको, न्याय दिने वकिल पनि कमाउने धन्दामा लागेको दोष लगाइएको पाइन्छ । 'औषधी दे चरी' कवितामा भ्रष्टाचार र दुष्टबाट देश बचाउने औषधी दिन चरीलाई आह्वान गरिएको छ । नेतृत्वले गलत कार्य गरेपछि कार्यकर्ता र नागरिकहरूले साथ दिँदैनन् अनि एक दिन नेता बिचल्लीमा पर्दछन् भनिएको छ–

को दिन्छन् बलिदान राष्ट्रहितमा आस्था हराएपछि
यात्री झर्दछ गर्तमा सुपथको बाटो बिराएपछि ॥ (आस्था हराएपछि, पृ. ३३)

***माया र बन्धन***

सांसारिक वस्तुलाई सत्य ठानी धनसम्पत्ति र परिवारप्रति माया हुने गरेको र त्यही मायाले मानिसलाई बन्धनमा पारेको हुन्छ । पूर्वीय दर्शनले सांसारिक वस्तु भ्रम मात्र भएको ठान्दछ र त्यही भ्रमबाट मुक्त नभई बन्धनबाट मुक्ति मिल्दैन भनेको छ । हाम्रो दर्शनले एक चिज भन्छ तर हामी अर्को चिज गर्दछौ । तसर्थ हामीले दुःख पाएका छौं । 'व्यास-वाटिका' मा अद्वैत वेदान्त दर्शनमा आधारित माया र बन्धनका पाँच ओटा कविता समाविष्ट गरिएका छन् । 'आमा हुँदा साथमा' कवितामा आमाको ममता र वात्सल्यको चर्चा गरिएको छ भने 'बुबाप्रति' कवितामा बुबाको पदचाप पछ्याऔं भन्दै बुबाको महिमा गान गरिएको छ । 'वात्सल्य' कवितामा सन्तान जन्माउँदाको खुसी र छोराछोरीको राम्रो होस् भन्ने कामना व्यक्त गरिएको छ । 'लक्ष्मी स्वयम् भित्रियौं' कवितामा पुत्रबधूलाई राम्रो बन्नू भन्ने भाव व्यक्त गरिएको पाइन्छ । 'सहारा' कवितामा

पतिपत्नी एकअर्काको सहारा भएकाले आपसमा मिल्नुपर्ने कथ्य अघि सारिएको छ । आमाको महिमा गाइएको कविताको अंश यस्तो छ -

आमाकै प्रतिबिम्ब बिम्ब म बनुँ संस्कारमा कर्ममा ।
छर्दै नित्य सुवास अड्न म सकूँ आचरमा धर्ममा ।। (आमा हुँदा साथमा, पृ. ३)

***भविष्यप्रति विश्वास***

आउने समयलाई भविष्य भनिन्छ । वर्तमान नेपालको अवस्था नराम्रो भए पनि कविले भविष्यप्रति विश्वासभाव व्यक्त गरेको पाइन्छ । 'आओस् नयाँ आँकुरा' भविष्यप्रति विश्वास गरिएको कविता हो । यस कवितामा आफैँ आफैँ झगडा गर्ने, उन्नति नगर्ने, आफ्नो संस्कार भुल्ने, परसंस्कारमा रमाउने कुप्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । अब रूखमा नयाँ पालुवा पलाउनु पर्छ, नेपालीले नराम्रो संस्कार त्यागेर राम्रो संस्कार अँगाल्नुपर्छ भनिएको छ :

हामी नित्य झरी रह्यौं तलतलै छाडी उचा टाकुरा ।
के पो गर्नु कुरा भुरा भुवनमा आओस् नयाँ आँकुरा ।। (आओस् नयाँ आँकुरा, पृ. ३०)

***आत्मबोध***

सांसारिक भ्रमबाट मुक्त हुँदै सत् असत्को ज्ञान हुनु वा सत्को आभास हुनुलाई आत्मबोध भनिन्छ । 'व्यास-वाटिका' मा आत्मबोध भएर लेखिएका छ ओटा कविता रहेका छन् । 'मनोवाद' कवितामा शुक्ला गण्डकी बगेझैं बग्ने इच्छा हुनु तर व्यवहारमा त्यस्तो नहुनाले कविलाई दुःखी बनाएको र इहलीला सकेपछि नदीमा नै मिल्न आउने कथ्य प्रस्तुत गरिएको छ । 'म ब्युझँदा प्रभातमा' कवितामा ढिलै भए पनि कलासँग साक्षात्कार हुन पाएको र केही लेखेको कविको दावी प्रस्तुत गरिएको छ । मानव र सरस्वतीको मेल भई सिर्जनाद्वारा जीवन सफल बनाउने चाहना व्यक्त गरिएको छ । 'सङ्घर्ष हो जिन्दगी' कवितामा जिन्दगी भनेको सङ्घर्ष भएको बताउँदै मान्छेले परिआएको सुखदुःख भोग्नै पर्ने कथ्य प्रस्तुत गरिएको छ । 'मिल्ला कहाँ उत्तर' कवितामा के हो सत्य, असत्य, को हो सक्षम, को हो असक्षम यसको उत्तर कहाँ मिल्ला ? भनी दार्शनिक प्रश्न प्रस्तुत गरिएको पाइन्छ । 'सूर्य छेकेर हेर' कवितामा सही र सत्य एक दिन खुल्छ, ढाँटेको कुराले काम गर्दैन भन्दै गलत बाटो नहिड्न आह्वान गरिएको पाइन्छ । 'इच्छा' कवितामा आफूभित्रको शक्ति जागोस् भन्ने कामना गर्दै स्वाभिमानपूर्वक बाँच्न पाउनुपर्ने कथ्य प्रस्तुत गरिएको छ । उदात्त भाव जागृत् भएपछि कविको कलम यसरी चल्दछ-

अपार बिम्ब व्योममा तिमी झुलुक्क देखियौ ।
शिलाक्षरी समान भै तिमी मभित्र लेखियौ ।। (म ब्युझँदा प्रभातमा, पृ. ३८)

***गुरुभक्ति***

गुरुप्रति मानसम्मान, आदरभाव जनाउनु तथा गुरुले निर्देश गरेको बाटो हिँड्नुलाई गुरुभक्ति भनिन्छ । कविले कविता लेख्न सिकाउने दुई जना गुरु नारायणप्रसाद गौतम र नारायणप्रसाद पोखरेललाई सम्झेर गुरुले शिष्यप्रति गरेको व्यवहारलाई गुन ठान्दै गुरुभक्तिका भाव भएका दुई ओटा कविता यहाँ लेखिएका छन् 'मेरा सुनौला दिन' कवितामा आफ्नो जन्मस्थान साँगेको स्मृति तथा साथीसँगीको याद गर्दै

गुरुका कारण आफू अहिलेको अवस्थामा आइपुगेको स्वीकारोक्ति प्रस्तुत गरिएको छ भने 'बिर्सिन्न नारायण' कवितामा लेख्न मन भएको तर ज्ञान नभएको बेला गुरुले सिकाएर लेख्न सक्ने भएको ठान्दै सिर्जनाका गुरु नारायणलाई बिर्सिन्न भनिएको छ :

राम्रो तत्त्व सिकाइदिन्छ कसले लेख्ने र भन्ने कला ?
आफैमात्र नगा नसापट मिले ले कोइली-ले गला ।। (बिर्सिन्न नारायण, पृ. ६६)

***प्रकृतिप्रतिको मोह***

स्वनिर्मित वस्तुलाई प्रकृति भनिन्छ । प्रकृति सबैको गुरु हो । अशान्त मन पनि प्रकृतिका काखमा पुगेपछि शान्त हुने गर्दछ । 'व्यास-वाटिका' मा प्रकृतिप्रति मोह भएका चार ओटा कविता रहेका छन् । 'फूल' कवितामा फूलको सौन्दर्य गान गरिएको छ भने 'सेती गङ्गा' कवितामा हिमनदीका रूपमा सेतीको उत्पत्ति भएको, अज्ञानलाई बढारेर लैजाऊ अनि अज्ञानीलाई ज्ञान दिएर बग्दो नदीजस्तो जीवन जिउन सिकाऊ भनिएको छ । 'रूपा' कवितामा रूपाका अनेक रूपको चर्चा गर्दै रूपासँगै बसेर तिर्सना मेट्ने चाहना रहेको बताइएको छ । 'हे दैव हेर्छस् कता ?' कवितामा प्रकृतिको क्रूर रूपको चर्चा गर्दै कालाग्नि बनेर बाढी आउने र सुन्दर सिर्जना नासिने गरेको कथ्य प्रस्तुत गरिएको छ । रूपाको सौन्दर्य गान गरिएको कवितांश यस्तो छ :

निदोर्षी जलजन्तुको कवच हौ पाताल गङ्गा तिमी ।
पाऱ्यौ लठ्ठ बिछट्ट गाउँछु झुकी गाना बन्यौ मोहनी ।। (रूपा, पृ. ५७)

***कोरोना कहरको सम्झना***

सन् २०१९ मा चीनबाट कोरोना भाइरसको उत्पत्ति र विस्तार भएको हो । कोरोनाले करिब तीन वर्ष मान्छेलाई बन्दी जीवन जिउन बाध्य बनायो । विद्यालयमा पठनपाठन बन्द भयो । धेरै मान्छेको ज्यान पनि गयो, धेरै बिरामी भएर पछि उठे । कोरोना कहर साँच्चैको भयानक थियो । यसैको सम्झनामा विद्यार्थी कहिले आउँछन् भनी शिक्षालय पर्खेर बसेको यथार्थ कथ्यलाई 'पर्खेर शिक्षालय' कवितामा प्रस्तुत गरिएको छ । कोरोना पनि समयसँगै टुङ्गिन्छ भन्ने विश्वास व्यक्त गरिएको कवितांश यस्तो छ :

एकै नास रहन्न काल जहिल्यै यो चक्रझैं घुम्छ रे ।
यस्तो जर्जर काल यो नियतिको टुङ्गिन्छ आशा गरे ।। (पर्खेर शिक्षालय, पृ. ४२)

***संस्थाप्रति जिम्मेवारीबोध***

कुनै उद्देश्य पूरा गर्ने हेतुले गठन गरिने सार्वजनिक सभालाई संस्था भनिन्छ । कविले आफू संलग्न संस्थाप्रतिको जिम्मेवारीबोध गरेर दुई ओटा कविता लेखेको पाइन्छ । 'वाङ्मय घर' कवितामा 'गण्डकी वाङ्मय प्रतिष्ठान' लाई माथि उठाऔं भन्दै संस्थामा आबद्ध सदस्यका बिच आत्मा टुट्न नहुने भाव व्यक्त गरिएको छ भने 'बिदाइ' कवितामा आफू अध्यापनरत विद्यालयबाट बिदाइ हुँदाको क्षणलाई सम्झँदै विद्यालय माइती जस्तो भएको भाव प्रस्तुत गरिएको छ । संस्थाप्रति जिम्मेवार भएर लेखिएको कवितांश –

आत्मा टुट्नु हुँदैन अड्चनहरू आएर जाऊन् तर ।
हामी साधक साधना छ गहिरो प्यारो छ हाम्रो घर ।। (वाङ्मय घर, पृ. ५५)

**निष्कर्ष**

नारायणी अधिकारीको 'व्यास-वाटिका' कविता सङ्ग्रह २०८० सालमा प्रकाशित भएको हो । अधिकारीले फुटकर कविता लेख्ने, वाचन गर्ने र प्रकाशन गरेको भए पनि यो उनको पहिलो प्रकाशित साहित्यिक कृति हो । व्यासभूमिमा जन्मिएर विद्यालय र क्याम्पसलाई कर्म थलो बनाएकी अधिकारीको व्यक्तित्व यतिमा मात्र सीमित रहेन । उनी सामाजिक, राजनीतिक, साहित्यिक क्षेत्रमा रमाएको देखिन्छ । कवि अधिकारीलाई सिर्जनामा लाग्न दमौली आसपासको सुन्दर प्रकृति, गुरुहरूको निर्देशन, घरपरिवारको समर्थन र केही गरुँ भन्ने भावनाको हुटहुटीले प्रेरित गरेको पाइन्छ ।

कविले 'व्यास-वाटिका' मा एकाउन्न ओटा कविता समावेश गरेको देखिन्छ । अधिकारीका कविताहरूमा कथ्यवस्तु (अन्तर्वस्तु वा सारतत्त्व) र शिल्पपक्ष सन्तुलित बनेर आएका छन् । समाजमा व्याप्त अभाव, पीडा, छटपटी, विकृति र विसङ्गतिलाई केन्द्रबिन्दु बनाएर आफूमा बढ्दै गएको चेतना, समाज र संसारलाई हेर्ने चिन्तन, मायाप्रेम, सामाजिक यथार्थलाई समेटी लेखिएको साहित्यिक कृति 'व्यास-वाटिका' शिक्षित तथा योग्य पाठकहरूका लागि पठनीय, मननीय र सङ्ग्रहणीय बनेको छ । उमेर र अनुभवले खारिएको मन-मस्तिष्कलाई सक्रिय पार्दै माया र बन्धनबाट केही टाढा रहँदा आत्मबोधका प्रकाशमा उदात्त भावका कविता दिन अधिकारी सफल देखिएकी छन् । पहिलो प्रयासमै उत्कृष्ट कविताकृति समाजलाई हस्तान्तरण गर्न सक्नुमा उनी भित्रको सिर्जनाशक्ति ब्युँझेको र सत्-असत्को आभाष भएको देखिन्छ । सुखले भन्दा दुःखले मानिसलाई मानिस बनाउँछ भनेझैं अधिकारीभित्र सुषुप्त रहेको नारीचेतना, सिर्जनाशक्ति, सरस्वतीको वरदान, वातावरणीय अनुकूलन आदिले केही गरौं भन्ने बनाएको र त्यही मार्गमा हिँड्दा सिर्जनाकलाले मूर्त रूप लिएको मान्न सकिन्छ ।

'व्यास-वाटिका' कविता सङ्ग्रहको कथ्य (सारवस्तु) लाई बाह्र ओटा चलका आधारमा विश्लेषण गरिएको छ । राष्ट्रप्रेममा आधारित नौ ओटा कविता, अग्रजप्रति सम्मानमा आधारित छ ओटा कविता, नारीचेतना र विद्रोहका पाँच ओटा कविता, अनुजप्रति उत्प्रेरणा जगाउने एउटा कविता, वर्तमान नेतृत्वप्रति आक्रोश व्यक्त भएका छ ओटा, माया र बन्धनमा आधारित पाँच ओटा कविता, भविष्यप्रति विश्वास गरिएको एउटा कविता, आत्मबोध भएका छ ओटा कविता, गुरुभक्तिका दुईटा कविता, प्रकृतिप्रति मोह भएका चार ओटा कविता, कोरोना कहरको सम्झनामा एउटा कविता र संस्थाप्रति जिम्मेवारीबोधका दुई ओटा कविता गरी जम्मा एकाउन्न ओटा कविताको कथ्य विश्लेषण गरिएको छ । व्यास-वाटिकाको शिल्प पक्ष पनि प्रभावकारी छ । यसको अध्ययन यहाँ गरिएको छैन । अनुज अनुसन्धाताले शिल्प पक्षको अध्ययन गर्ने नै छन् ।

देश आर्थिक भुमरीमा परेको वर्तमान अवस्थामा नेतृत्व तथा जनसाधारणलाई राष्ट्रप्रेमी बन्न कविद्वारा हरप्रयास गरिएको छ । नदीको प्रवाहजस्तै जीवन गतिशील बनाउनु पर्ने कविहृदयको आवाज यहाँ बुलन्द भएको छ । नारीलाई अपमान गर्ने शक्तिका विरूद्ध सबै नारी दुर्गा भवानी भएर उठ र प्रतिवाद गर भनिएको छ । जीवभावले परिवारमा माया बसे पछि बन्धनमा परिने कुरा देखाउँदै आत्मबोधका कारण बन्धनबाट मुक्ति मिल्ने विश्वास पनि प्रकट गरिएको छ । व्यास, भानुभक्त, विपी कोइराला जस्ता व्यक्तित्वको स्मरण गर्दै तिनकै पदचाप पछ्याउन सके समाज सकारात्मक रूपमा रूपान्तरण हुने कुरामा कविको जोड रहेको छ ।

व्यासभूमिमा नराधमको बोलबाला रहेको प्रति व्यङ्ग्य गर्दै पुनः व्यास आगमनको प्रतीक्षा गरिएको कथ्य प्रस्तुत गरिएको छ । समाजका हरेक क्षेत्रमा रावणप्रवृत्तिको नेतृत्व रहेको वर्तमान सन्दर्भ उल्लेख गर्दै भविष्यमा राष्ट्रप्रेमीहरू एकजुट भएर उठेपछि रावणप्रवृत्तिको अन्त्य हुने विश्वास पनि व्यक्त गरिएको छ । उदीयमान कवि अधिकारीको व्यास-वाटिका कथ्य र शैलीका हिसाबले सन्तुलित काव्यकृति बनेको छ । यो आलेख कथ्य विश्लेषणमा केन्द्रित गरिएकाले व्यास-वाटिकाको सारतत्त्व समसामयिक र प्रभावकारी भएको अध्ययनको निष्कर्ष रहेको छ ।

**सन्दर्भ सामग्री**

अधिकारी, नारायणी (२०८०), *व्याास-वाटिका कविता सङ्ग्रह*, नारायणी अधिकारी ।

एटम, नेत्र (२०७४), *समकालीन प्रतिनिधि नेपाली नारी कविता*, नेपाल प्रज्ञा-प्रतिष्ठान ।

कोइराला, धनपति (२०७४), देशका पीडा बोल्छन् शब्दयात्रीभित्रका कविताहरू, *शब्दयात्री*, पल्लव साहित्य प्रतिष्ठान पृ. च-द ।

गौतम, लक्ष्मणप्रसाद (२०८०), आधुनिक नेपाली कविताको इतिहास, *जगदम्बा, नेपाली साहित्यको बृहत् इतिहास*, नेपाली पद्य र बाल साहित्य (चौथो ठेली), कमलमणि प्रकाशन, पृ. १७७-७३६) ।

त्रिपाठी, वासुदेव; न्यौपाने, दैवज्ञराज र सुवेदी, केशव (२०४६), *नेपाली कविता भाग ४*, साझा प्रकाशन ।

पौडेल, एकनारायण (२०७०), *आधुनिक नेपाली समालोचनाको इतिहास*, विमर्श नेपाल ।

बन्धु, चूडामणि (२०६०), *नेपाली साहित्यको इतिहास*, एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि. ।

भट्टराई, गोविन्दप्रसाद (२०७८), स्रष्टा बहिनी रश्मिका गद्य कविताको आकर्षण, *युगका आवाजहरू* (कविता सङ्ग्रह), नेपाली साहित्यकार सञ्जाल, पृ. ३-५ ।

भट्टराई, गोविन्दप्रसाद (२०६९), यो मानक ग्रन्थ डायस्पोरिक काव्य कविता अध्ययन अनुसन्धानको आरम्भ हो अनेक डायस्पोराका कविता, *अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज*, पृ. VIII ।

भट्टराई, ध्रुवप्रसाद (२०७६), नेपाली लोक कविता, *जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास* (दोस्रो ठेली), कमलमणि प्रकाशन, पृ. २३-४७ ।

भण्डारी, पारसमणि (२०६५), *नेपाली कविता र काव्य*, विद्यार्थी पुस्तक भण्डार ।

राई, इन्द्रबहादुर (२०७६), बैरागी काइँलामा निर्वासन, *बैरागी काइँलाका सङ्कलित कविता*, फिनिक्स बुक्स, पृ. ९-३० ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६२), *कविताको संरचनात्मक विश्लेषण*, विद्यार्थी पुस्तक भण्डार ।